# साझेदारीमा कार्यक्रम सञ्चालन गर्न संस्था छनौटको लागि प्रस्तावना आह्वान सम्बन्धी सूचना !

**दोश्रो पटक प्रकाशित मिति: २०७८/०७/२९**

बर्दिबास नगरपालिकाले कृषि तथा पशु जन्य वस्तुहरुको उत्पादन वृद्धि गरी नगर क्षेत्रमा रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधीको अधीनमा रही आर्थिक वर्ष २०७८/०७९ देखि शुरु गरी बहुवर्षीय रुपमा संचालन गर्ने **नगर क्षेत्रमा कृषिमा आधारित रोजगार प्रवर्द्धन साझेदारी मार्फत गरिबी निवारण कार्यक्रम** संचालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरुबाट यो सूचना दोश्रो पटक प्रकाशन भएको मितिले १५ दिनभित्र यस अघि प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको विवरणहरु सहित प्रस्तावना पेश गर्न आह्वान गरिएको छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारबाही गर्न नगरपालिका जवाफदेही हुने छैन। साथै प्रस्ताव आह्वान सम्बन्धि कार्य अनुभव र प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरु मिति २०७८।०६।१५ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना अनुसार नै हुनेछ र विस्तृत जानकारीको लागी यस कार्यालयको वेवसाईट www.bardibasmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

c m y k

नयाँपत्रिका राष्टिय दैनिक पत्रिकाको मिति २०७८साल कार्तिक २९ गतेमा दोश्रो पटक प्रकाशित

**बर्दिबास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बर्दिबास, महोत्तरी**
**प्रदेश नं. २, नेपाल**

# साझेदारीमा कार्यक्रम सञ्चालन गर्न संस्था छनौटको लागि प्रस्तावना आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०६/१५)**

बर्दिवास नगरपालिकाले कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरी नगर क्षेत्रमा रोजगार मुलक उद्यमशिल र मर्यादितकृषि व्यवसायको विकास गर्ने उदेश्यले साझेदारी कार्यक्रम संचालन तथा ब्यवस्थापन कार्यविधि २०७८ कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधीको अधीनमा रही आर्थिक वर्ष २०७८/०७९ देखि शुरु गरी बहुवर्षीय रुपमा संचालन गर्ने नगर क्षेत्रमा कृषिमा आधारित रोजगार प्रबर्द्धन साझेदारी मार्फत गरिबी निवारण कार्यक्रम संचालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैर-सरकारी संस्थाहरुबाटयो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र तपसिल बमोजिमको विवरणहरु सहित प्रस्तावना पेश गर्न आह्वान गरिएको छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कारबाही गर्न नगरपालिका जवाफदेही हुने छैन।

**तपसिल**

**प्रस्तावना पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनेछ :**

- संस्था स्थापना भई कम्तीमा तीन वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको।
- स्वावलम्वन समुह गठन तथा सामाजिक परिचालनको माध्यमबाट सामाजिक पुजी निर्माण सम्बन्धी काम गरेको।
- सामुदायिक विकास जिविकोपार्जन महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको।
- कृषि तथा पशुको उत्पादन उत्पादकत्व तथा मुल्य, श्रृङ्खलाको क्षेत्रमा अनुभव भएको।
- समुदायमा आधारति सहकारीसंस्था मार्फत कृषि तथा पशुवस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रबर्द्धनमा काम गरेको अनुभव भएको।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धि कार्य गरेको।
- कृषि तथा पशु विकास सँग सम्बन्धित स्रोत पुस्तिका, प्रसारसामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको।
- कृषि र पशु विकास सम्बन्धि संभाव्यता अध्यन, अनुसन्धान, अनुगमन तथा मुल्याङ्कन सम्बन्धि काम गरेको।
- नेपाल सरकारका विभन्नि निकायहरु वा स्थानिय वा प्रदेश सरकारसंगको साझेदारी गरी काम गरेको अनुभव भएको लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले परियोजना सँग सम्बन्धित सञ्चालन खर्च तलव, भता, सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन आदि आफैले व्यवस्थापन गर्नुपर्नेछ। संयुत्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिइने छ। संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरी नियमित समन्वयमार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। प्रस्ताव पेश गर्न इच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र परियोजना अवधि आदिवारे जानकारी नगरपालिकाको योजना शाखाबाट प्राप्त गर्न सक्नेछन्।

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरू :**

- संस्था दर्ता तथा नवकिरणको प्रतिलिपि १ प्रति
- आ.व. ०७७/०७८ को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति।
- स्थायी लेखा नम्वर आ.व. ०७७/०७८ को करचुक्ता प्रमाण पत्र प्रतिलिपी १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन एक प्रति।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना बर्दिवास नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अनुसूचि १ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलबन्दी गरीएको १/१ प्रति। परियोजनाको प्रविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस नगरपालिकाको वेवसाइट www.bardibasmun.gov.np डाउनलोड गरी वा नगरपालिकाको कार्यलयबाट प्राप्त गर्न सकिने छ।
- संयुक्त उपक्रममा प्रस्तावना पत्र पेश गर्ने संस्थाहरु वचिको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति।
- प्रस्तावना पेशगर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति।

**प्रमुख प्रशासकीय अधिकृत**

हिमालय टाईम्स राष्टिय दैनिक पत्रिकाको मिति २०७८साल असोज १५ गतेमा प्रथम पटक प्रकाशित